## विज्ञप्ति

नेपाल सरकारले कार्यसम्पादन र निर्णय प्रक्रियालाई थप शीघ्र र सरल बनाउन, सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त बनाउन तथा सुशासन प्रवर्धन गर्न हालै अध्यादेशमार्फत सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधन गरेको विदितै छ।

संशोधित ऐनका प्रावधानसँग तादात्म्य हुने गरी नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को आठौं संशोधन र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को तेस्रो संशोधन मिति २०८१ माघ २४ गतेको नेपाल राजपत्रमा प्रकाशन भइसकेको छ। ती राजपत्रहरू मुद्रण विभाग र यस कार्यालयको वेबसाइटमा राखिसकिएको व्यहोरा अनुरोध गर्दछु।

नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को आठौं संशोधनमा यस अघि निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद्सम्म लैजानुपर्ने कतिपय विषयहरूमा सम्बन्धित मन्त्रालयबाटै निर्णय हुने प्रावधान समेटिएको छ। यसबाट संशोधित ऐनका प्रावधानहरू कार्यान्वयनमा आइ निर्णयका विभिन्न चरणमा हुने प्रक्रियागत ढिलाइ कम हुने एवम् कार्यसम्पादन र सेवा प्रवाह छिटो छरितो हुनेछ।

त्यसैगरी, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को तेस्रो संशोधनमा सूचना प्रविधिको माध्यमबाट अन्तरनिकाय सूचना आदानप्रदान गर्ने प्रयोजनका लागि डाटा एक्सचेन्ज प्लेटफर्म बनाई लागू गर्न सकिने व्यवस्थाका साथै नागरिक एपको प्रयोग गरी सेवा लिने नागरिक र सेवा प्रदायकहरूका लागि प्रक्रियागत व्यवस्थाहरू समेटिएका छन्। त्यसैगरी, कार्य फछ्र्यौट गर्ने समयावधि घटाइ बढीमा सात दिन कायम गरिएको हुँदा यस अघि पन्ध्र दिन वा तीस दिनसम्म सम्पादन गरे हुने कार्य समेत अब सात दिनभित्रै सम्पादन गरिसक्नुपर्ने व्यवस्था गरिएको छ। यसबाट सरकारी निर्णय र कार्यसम्पादनमा शीघ्रता आउने र समग्रमा सुशासन कायम हुने अपेक्षा गरिएको छ।

अत: सम्पूर्ण सेवाग्राही, सरोकारवाला र सेवाप्रदायक निकायहरूलाई परिमार्जित प्रावधान अनुरूप सेवा लिन र दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अनुरोध गर्दछ।

२०८१ माघ २५ गते, शुक्रबार

प्रेमप्रसाद आचार्य

प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np